# कमल राजपत्र

**कमल गाउँपालिका**
**गाउँकार्यपालिकाद्वारा प्रकाशित**
**वर्ष ४, अंक १, मिति २०७७/०३/१९**

## भागः १

## कमल गाउँ कार्यपालिकाको विनियोजन ऐन, २०७७

**कमल गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ३ बमोजिम गाउँसभाले बनाएको यो ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

# कमम गाउँपालिकाको विनियोजन ऐन – २०७७

गाउँ सभाबाट पारित मितिः २०७७/०३/१८

प्रमाणिकरण मिति२०७७/३ /१९

कमल गाउँ कार्यपालिकाको आर्थिक बर्ष २०७७/२०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना :**

कमल गाउँ कार्यपालिकाको आर्थिक बर्ष २०७७/७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम " कमल गाउँ कार्यपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन गाउँ सभाबाट पारित भै प्रमाणित पश्चात ऐनको २०७७/०४/०१ गते देखि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७७/७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :**

(१) आर्थिक वर्ष २०७७/७८ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ र अनुसूचि २ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च साथै पछि प्राप्त हुने शसर्त अनुदान, सामाजिक सुरक्षा अनुदान, अन्य विभिन्न निकायबाट प्राप्त हुने अनुदान र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ८१,८५,९१,७९९।- (अक्षेरुपी **एकासी करोड पचासी लाख एकानव्वे हजार सात सय उनान्सय मात्र** मा नबढाई अनुसूचिमा निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजनः**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/७८ को निमित्त कमल गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

(४) आर्थिक वर्ष २०७६/०७७ का लागि स्वीकृत भै विभिन्न समयमा कार्यक्रम तथा बजेट संशोधन भै कार्यालयबाट खर्च भएका कार्यक्रम तथा बजेटहरुलाई समेत यसै ऐन अनुसार भएको मानिनेछ ।

आज्ञाले,

सुवास श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत